नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
कपिलवस्तु, तौलिहवा

फ्याक्स नं.: ०७६-५६००५१
प्र.जि.अ. निवास:- ०७६-५६०१७०
प्र.जि.अ. कक्ष:- ०७६-५६०१५९
कार्यालय:- ०७६-५६०१५८
कार्यालय:- ०७६-५६०२३०
कार्यालय:- ०७६-५६०११५
कार्यालय:- ०७६-५६०४४५

पत्र संख्या:-०७७।७८ मिति २०७८।०२।३०

## कपिलवस्तुका प्रमुख जिल्ला अधिकारी चक्र पाणी पाण्डेबाट जारी आदेश :-

कोभिड-१९ को नयाँ भेरियन्ट फैलिन नदिन तथा यस जिल्लामा संक्रमितको संख्यामा कमी हुँदै गएको भएतापनि संक्रमणको जोखिम कायमै रहेकोले संक्रमणको रोकथाम, नियन्त्रण, उपचार तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन मिति २०७८।०२।३१ गते सोमबार राती १२: ०० बजे सम्म निषेधाज्ञा जारी गरिएकोमा जिल्ला कोभिड व्यवस्थापन समिति र जिल्ला सुरक्षा समितिको मिति २०७८।०२।३० गतेको बैठकको निर्णय समेतको आधारमा "कोभिड -१९ संकट व्यवस्थापन अध्यादेश, २०७८" को दफा (४) तथा स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ बमोजिम मिति २०७८।०३।०७ गते सोमबार राती १२: ०० बजे सम्मका लागि निम्नानुसारको आदेश जारी गरिएकोले सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिन्छ ।

### (क) गर्न नपाइने वा निषेध गरिएका सेवाहरु:

१. जिल्ला भित्र अटो रिक्शा बाहेक अन्य सार्वजनिक यात्रुवाहक सवारी साधन संचालन गर्न ।
२. कुनै पनि मेला, हाटबजार, महोत्सव, जात्रा संचालन गर्न, मानिसहरु पाँच जना भन्दा बढी भेला/जम्मा हुन, भिडभाड गर्न ।
३. सबै प्रकारका सभा, सम्मेलन, गोष्ठी, तालिम, सेमिनार, पार्टी प्यालेस, मनोरञ्जन स्थल, स्वीमिङ्ग पुल, जिमखाना, समुहमा खेल्ने खेलकुद, कवर्डहल, पुस्तकालय, संग्रहालय आदि संचालन गर्न ।
४. चिया पसल, खाजा घर, होटल, रेष्टुरेन्ट, पान पसल, शैलुन र ब्युटीपार्लर खोल्न नपाईने तर होटल तथा रेष्टुरेन्टले बिहान ९ : ०० बजे देखि बेलुका ५: ०० बजेसम्म टेक अवे र होम डेलिभरी मात्र उपलब्ध गराउन सक्ने ।
५. परम्परागत रुपमा भई आएको नित्य पूजा बाहेकका सम्पूर्ण धार्मिक, सांस्कृतिक गतिविधिहरु संचालन तथा जमघट गर्न ।
६. शैक्षिक संस्थाहरु, प्रशिक्षण केन्द्रहरु, ट्यूशन सेन्टर लगायतका जमघट हुने गतिविधिहरु नेपाल सरकारको निर्णयानुसार संचालन हुने ।
७. अन्तर्राष्ट्रिय स्थलगत सीमा नाका कृष्णनगर बाहेक अन्यत्रबाट यात्रु आवतजावत गर्न ।

### (ख) स्वास्थ्य सुरक्षा मापदण्ड अपनाएर संचालन गर्न पाउने सेवाहरु:

१. अत्यावश्यक वस्तु वा सेवा, औषधी, बिउ, विजन, एग्रोभेट र पानी बिक्री वितरण गर्ने पसल/व्यवसाय संचालन गर्न ।
२. खाद्यवस्तु, ग्याँस, पेट्रोलियम पदार्थ, दुध र दुधजन्य पदार्थ, फलफूल, तरकारी, माछा/मासु, कृषि औजार बिक्रि वितरण गर्ने सहकारी तथा पसलहरु, स्टेशनरी, पुस्तक पसल, कपडा, फेन्सी, जुत्ता पसल, किराना तथा होलसेल पसल, कोल्ड ड्रिंक्स (खरिद गरी लैजान मात्र), हार्डवेयर, मर्मत केन्द्र र प्रकरण (क) मा उल्लेखित बाहेक पसल/व्यवसाय बिहान

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कपिलवस्तु

९:०० बजे देखि अपराहन्न ५:०० बजे सम्ममात्र खोल्न सकिने, माक्सको प्रयोगलाई अनिवार्य गर्ने । भिडभाँड गरे गराएमा तथा स्वास्थ्य सुरक्षा मापदण्ड पालना नगराएमा पसल / व्यवसाय सञ्चालकलाई कानून बमोजिम कारवाही गरिने ।

३. खेतीपातीको समयलाई मध्यनजर गरी कृषि कार्य गर्न सकिने ।

४. सार्वजनिक निकायहरुबाट प्रदान गरिने अत्यावश्यक सेवा संचालन गर्ने । सबै सरकारी/सार्वजनिक निकाय तथा संस्थानहरु खुला गरी कार्यालयको आन्तरिक कार्य, अभिलेख व्यवस्थापन लगायतका कार्यहरु गर्ने ।

५. आर्थिक वर्षको अन्तिम महिना समेत भएका कारण विकास निर्माणको भुक्तानी, रेमिट्यान्स, सामाजिक सुरक्षा भत्ता वितरण जस्ता कार्यहरु सबै बैंक तथा वित्तीय संस्थाहरुले स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्ने गरी भिडभाड नहुने व्यवस्था मिलाई दैनिक रुपमा सञ्चालन गर्ने । साथै उक्त संस्थाहरुले विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्ने व्यवस्था मिलाउनु पर्नेछ । ATM सेवा संचालन गर्दा सम्बन्धित बैंकले नियमित रुपमा Disinfect गर्नुपर्नेछ ।

६. मालवाहक तथा निर्माण सामग्री बोकेका ढुवानीका साधनहरु, अण्डा, चल्ला, खसीबोका, बाख्रा बोकेका गाडीहरु, भन्सारबाट छुटेका सामग्री तथा मेसिनरी सामग्री बोकेका गाडीहरु, खानेपानी, ग्याँस, दुध, औषधी, स्वास्थ्य उपकरण, दूरसञ्चार, इन्टरनेट, आइसोलेसन, इन्धन, फोहोरमैला व्यवस्थापन तथा ढुवानीका साधन, दमकल, एम्बुलेन्स, शववाहन, बिरामी बोकेको सवारी साधन सञ्चालन गर्ने ।

७. अत्यावश्यक काम परेमा नजिकको नेपाल प्रहरी वा १०० नम्बरमा फोन गरी एकै परिवारका सदस्य बस्ने गरी निजी सवारी साधन, अटो रिक्शा (सीट क्षमताको ५०% भन्दा बढी यात्रु नराख्ने गरी) सञ्चालन गर्न सकिने । चेकजाँच गर्दा सो कुराको पुष्टी गर्नुपर्ने ।

८. सबै किसिमका उद्योग, वर्कशप, प्रतिष्ठानहरु र विकास निर्माणका कार्य संचालन गर्न सकिने छ । आयोजना प्रमुखले विकास निर्माणमा संलग्न कामदार तथा साधनको विवरण उपलब्ध गराउनु पर्नेछ । काम गर्ने कर्मचारी/कामदारहरुलाई खाना/बस्नको लागि सम्बन्धित व्यवसायी वा उद्योग कलकारखानाले परिसरभित्र वा कार्यस्थलमा नै व्यवस्था गर्नु पर्नेछ र तोकिएबमोजिमको स्वास्थ्य सुरक्षा मापदण्डको पालना गर्नुपर्नेछ ।

९. कृष्णनगर नाकाबाट प्रवेश गर्ने यात्रुहरुलाई नेपाल प्रहरीले यातायात व्यवसायीसँग समन्वय गरी गाडी नम्बर र यात्रुको नाम तथा संख्या समेत उल्लेख गरी गन्तव्य सम्म पुर्याउने व्यवस्था मिलाउने ।

१०. विवाह, व्रतबन्ध, पास्नी, न्वारन वा अन्य संस्कारका लागि बढीमा १५ जना सम्म स्वास्थ्य मापदण्डको पालना गर्ने गरी नजिकको प्रहरी इकाईसँग समन्वय गरी आफ्नै निवासमा सम्पन्न गर्न सकिने । विवाहका लागि बढीमा २ वटा साना गाडी वा १ वटा ठूलो गाडीमा जम्मा १५ जना संख्या नबढ्ने गरी शुभ विवाहको ब्यानर राखी विवाहका लागि जाँन आउन सकिने ।

११. यस आदेशको उलङ्घन गर्ने, आदेशको पालना गर्ने कार्यमा अवरोध गर्ने, औषधी-औषधीजन्य सामग्री, अत्यावश्यक उपभोग्य वस्तु वा सेवाको आपूर्तिमा कृत्रिम अभाव सिर्जना गर्ने, मूल्यवृद्धि गर्ने, जम्माखोरी गर्ने, लुकाउने वा सहज आपूर्तिमा अवरोध गर्नेहरु उपर कानून बमोजिम कारवाही हुनेछ । सम्बन्धित उद्योग तथा वाणिज्य संघले आपूर्ति व्यवस्थालाई सहज बनाउने ।

१२. माथि उल्लेखित सेवाहरु संचालन गर्दा अनिवार्य रुपमा सामाजिक तथा भौतिक दुरी कायम गर्नुपर्नेछ । साथै अनिवार्य रुपमा नेपाल सरकार मन्त्रिपरिषद, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेका स्वास्थ्य सम्बन्धी मापदण्ड पालना गर्नु/गराउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ । सोको पालना नभएमा उल्लिखित कानून बमोजिम कारवाही हुनेछ ।

१३. कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश, २०७८ को दफा २१ मा भएको व्यवस्था :-

जिल्ला प्रशासन कार्यालय
कपिलवस्तु

२१. जरिवाना गर्न सक्ने

(१) यस अध्यादेश बमोजिम दिइएको आदेश उल्लङ्घन गरेमा प्रमुख जिल्ला अधिकारीले तत्काल देहायबमोजिम जरिवाना गर्न सक्नेछ।

(क) कुनै व्यक्तिले उल्लङ्घन गरेकोमा १ लाख रुपैया सम्म,

(ख) कुनै संस्थाले उल्लङ्घन गरेकोमा ५ लाख रुपैया सम्म,

(२) कसैले देहाय बमोजिमको कार्य गरे गराएमा सुरक्षाकर्मीले देहायबमोजिम तत्काल जरिवाना गर्नेछ :

(क) मास्क नलगाई सार्वजनिक स्थलमा आवतजावत गरेमा पटकैपिच्छे एक सय रुपैयाँ,

(ख) मानिसको आवतजावतमा रोक लगाइएको वा नियन्त्रण गरिएको अवस्थामा सोको उल्लङ्घन गर्नेलाई पटकैपिच्छे दुई सय रुपैयाँ,

(ग) सवारी साधनको आवतजावतमा रोक लगाएको अवस्थामा सम्बन्धित अधिकारीको अनुमतिविना वा सुरक्षाकर्मीलाई सूचना नदिई वा बिरामी ओसार सपार गर्ने अवस्थामा बाहेक सवारी साधन चलाएमा पटकै पिच्छे दुई पाङ्ग्रे सवारी साधन भए दुई हजार रुपैयाँ र अन्य सवारी साधन भए पाँच हजार रुपैयाँ।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमको सवारी साधन सुरक्षाकर्मीले निश्चित समय सम्म नियन्त्रणमा लिनेछ।

१४. यस निषेधाज्ञा पालनाको लागि सर्वसाधारण, स्थानीय तहहरु, राजनीतिक दलहरु तथा अन्य सम्बन्धित सरोकारवालाहरुमा हार्दिक अनुरोध गरिन्छ। साथै जिल्लाका सबै सञ्चारमाध्यमहरुले प्रचारप्रसार गरिदिनु हुन समेत अनुरोध गरिन्छ।

२०७८।१।२७

चक्र पाणी पाण्डे
प्रमुख जिल्ला अधिकारी